आर्थिक वर्ष २०७५/७६ को

# आर्थिक ऐन, २०७५

सभाबाट स्वीकृत मिति: २०७५/०३/१६

## छत्रदेव गाउँपालिका

छत्रगञ्ज - अर्घाखाँची

५ नं. प्रदेश, नेपाल

Scanned by CamScanner

छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:**

छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष२०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छत्रदेव गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **एकीकृत सम्पती कर** छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पती कर लगाइने र असूल उपर गरिनेछ।

३. **घर वहाल करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

७. **विज्ञापन करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

८. **मनोरन्जन करः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

Scanned by CamScanner

९. **बहाल बिटौरी शुल्कः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः**छत्रदेव गाउँपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः**छत्रदेव गाउँपालिकालेनगर क्षेत्रमा सरसफाई सेवा उपलब्ध गराए वापत तथा निर्माणा संचालन वा व्यवस्थापन गरेका पूर्वाधार एवं उपलब्ध गराएको सेवामा अनूसूचि (१०) मा उल्लेखितदरमा वार्षिक सरसफाई शुल्क तथा उल्लेखित सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **पर्यटनशुल्कः**छत्रदेव गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. छत्रदेव गाउँपालिकाले आफ्नो क्षेत्र भि रहेका प्राकृतिक श्रोत ढुङ्गा, गिट्टी, वालुवा, माटो संकलन गरी अनुसूची १२ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि छत्रदेव गाउँपालिकाले तोके अनुसार हुने छ।

Scanned by CamScanner

अनुसूची-१

## एकीकृत सम्पती कर

| विवरण | दर | कैफियत |
| --- | --- | --- |
| २ लाख सम्म | १०० | |
| रु २ लाख १ देखि १० लाख सम्म प्रतिलाख | २० | |
| रु १० लाख १ देखि रु २५ लाख सम्म प्रतिलाख | २५ | |
| रु २५ लाख १ देखि रु ५० लाख सम्म प्रतिलाख | ३० | |
| रु ५० लाख १ देखि रु १ करोड सम्म प्रतिलाख | ३५ | |
| रु १ करोड १ देखि माथि प्रतिलाख | ४० | |

Scanned by CamScanner

अनुसूची-२

**घर जग्गा वहालकर**

| विवरण | दर | कैफियत |
|---|---|---|
| घर वहाल कर | १२ | वार्षिक सयकडा |
| जग्गा वहाल कर | १२ | वार्षिक सयकडा |

Scanned by CamScanner

अनुसूची-३

**व्यवसाय कर**

| विवरण | दर | कैफियत |
|---|---|---|
| कपडा पसल | ५०० | |
| फेन्सी पसल खुद्रा | ५०० | |
| फेन्सी पसल थोक | १००० | |
| किराना पसल (साना १ लाख भन्दा कम लगानी) | २०० | |
| किराना पसल (मझौला १ लाख १ देखि १० लाख सम्म) | ५०० | |
| किराना पसल (ठूलो १० लाख भन्दा बढी) | १००० | |
| औषधी पसल | ५०० | |
| सामान्य टेलरिङ्ग शप | २०० | |
| ब्यूटी पार्लर | २०० | |
| हेयर कटिङ्ग सैलुन | २०० | |
| सून चाँदी पसल | ७५० | |
| भाँडा पसल | ५०० | |
| घडी मर्मत मोबाईल लगातय इलेक्ट्रीक वा इलेक्ट्रोनिक्स सामानहरु मर्मत | ५०० | |
| फलफूल तरकारी होलसेल तथा अन्य | २०० | |
| फोटो ग्राफर | ५०० | |
| स्टेश्नरी पूस्तक पसल | ५०० | |
| डाक्टर, वकिल, लेखा परिक्षक, परामर्शदाता, सर्वेयर, इन्जिनियरिङ्ग, आदि व्यावसायमा | ५०० | |
| वैद्य कविराज | २०० | |
| प्लास्टिकका फर्निचर, कारपेट तथा अन्य सजावटका सामानहरु | ५०० | |
| माछामासू पसल (फ्रेस हाउस) | २०० | |
| मिठाई पसल | ५०० | |
| फोटोक्रपि, कम्प्यूटर, फ्याक्स, टेलिफोन सेवा, Exdel Service, साईवर सेवा | ५०० | |
| काठ व्यवसाय (साल काठ प्रति क्यू.फिट) | २.५ | |
| काठ व्यवसाय (अन्य काठ प्रति क्यू.फिट) | १.५ | |
| पेण्टिङ्ग व्यवसाय | २०० | |
| मोटर वा विभिन्न मेशिनरी पार्ट पूर्जा आदी विक्रेता | ५०० | |
| दाँत बनाउने वा उपचार केन्द्र | ५०० | |
| सवारी साधन तथा जेनेरेटर, साथै अन्य मेशिनरी तयारी सामान बिकि | ५०० | |
| हेभि ईक्विपमेन्ट बस, ट्रक, कार जिप, माआदि मर्मत र वर्कसप | १००० | |
| मोटरसाईकल र साइकल मर्मत | ५०० | |
| कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्थाहरु | ५०० | |
| विद्यूत सामाग्री पसल | ५०० | |
| ड्राई क्लिनर्स व्यवसाय | ४८० | |
| मेशिन द्वारा हावा भर्ने पंचर बनाउने वेल्डिङ समेत | ४८० | |
| ईलेक्ट्रोनिक या इलेक्ट्रिक्स सबै किसिमका सामानहरुको बिकि व्यवसाय | ५०० | |

Scanned by CamScanner

| विवरण | दर | कैफियत |
|---|---|---|
| निर्माण सामाग्री पसल हार्डवेयर | १००० | |
| गिट्टी, वालूवा, ढूङ्गा आदि विक्रि व्यवसाय व्यक्तिगत जग्गाबाट) | ५००० | |
| चश्मा पसल तथा मर्मत | ५०० | |
| स्वदेशी कपडा शोरुम | १००० | |
| कम्प्युटर,फ्याक्स फोटोकपि र अन्य इलेक्ट्रिक्स सामानहरु र सोको पार्टपुर्जा बिकि तथा सप्लायर्स | १००० | |
| तयारी सिरक, डसना तकीया बनाई बिक्री गर्ने तथा कार्पेट कूर्सि आदिको बिक्रेता | १००० | |
| ठेक्का व्यवसाय गाउँपालिकामा केन्द्रिय कार्यालय भएको निर्माण व्यवसाय | २००० | |
| श्रृङ्गार एवम उपहारका सामानहरु बिक्रि | ५०० | |
| पशू औषधी, विऊ विजन, मल तथा कृषि औजार विक्रेता (एग्रोभेट) | ५०० | |
| मदिरा एवं पेय पदार्थ बिक्रि | १५०० | |
| गैर सरकारी अस्पताल स्वास्थ्य सेवा क्लिनिक समेत | १००० | |
| प्रयोगशाला (ल्याव र ल्याव्रोटरी) | ५०० | |
| केवल टि.भि. व्यवसाय | २००० | |
| कन्सलटेन्सी व्यवसाय निर्माण सग सम्बन्धित | १००० | |
| प्राइभेट वोर्डिङ्ग (स्कूल निजी विद्यालय) ५ कक्षासम्म | २००० | |
| प्राइभेट वोर्डिङ्ग (आधारभुत र मा.वि.) | ३००० | |
| फ्रेम, सिशा, फोटो, पोष्टर पोस्टकार्ड आदि विक्रेता | ५०० | |
| लाइट, लाइटर, मैन्टोल, स्टोप, छाता ग्यास चूल्हो आदि मर्मत गर्नेसंग | २०० | |
| एफ.एम. रेडियो तथा विज्ञापन सेवा | १००० | |
| जग्गा प्लटीङ्गको लागी मालपोत रजिश्ट्रेशन प्रयोजनको लागी कायम भएको दर रेटको | २ प्रतिशत | |
| जग्गा बिकास अनूमती दस्तूर प्रति रोपनी | १००० | |
| चिया बेच्ने होटल | ५०० | |
| खानेबस्ने सुविधा सहितको होटल | १००० | |
| खाने सुविधा भएका र रेष्टुटेण्ट | १००० | |
| क्रसर उधोग | ५००० | |
| छापाखाना | १००० | |
| चिम्नी ईटा, सधारण ईट्टा, टायल उद्योग | ५००० | |
| बल्क, मूठ्ठल, गमला, आदि उद्योग | ११०० | |
| वेकरिज, दालमोठ, विस्कूट र आइस्क्रिम उद्योग, चाउमिन र चाउचाउ उद्योग | १००० | |
| मसला उद्योग | ५०० | |
| मैनबत्ती र चक उद्योग | २०० | |
| होजियरी उद्योग | ५०० | |
| धान र पिठो आदि मिल | ७५० | |
| तेल, चिउरा | १००० | |
| जूत्ता उद्योग | ७२० | |
| भाडा उद्योग, तामा पित्तल र कलात्मक मुर्ति वनाउने उद्योग | ५०० | |

Scanned by CamScanner

| विवरण | दर | कैफियत |
|---|---|---|
| आलमुनियम, ग्रिल तथा वेल्डिङ् उद्योग | १००० | |
| स्टिल फर्निचर आदि उद्योग | १५०० | |
| तयारी पोशाक उद्योग | १५०० | |
| फर्निचर तथा काष्ठ उद्योग साधारण | २००० | |
| क्याटरिङ तथा टेण्ट व्यवसाय | १५०० | |
| डिलरसीप एजेन्सी व्यवसाय कर (वितरकहरुलाई) | १०० | प्रति पटक |
| बैंकिङ्ग सेवा नेपाल सरकारको पूर्ण स्वामित्व बाहेक क र ख | ५५०० | |
| वित्तिय कम्पनि शाखा कार्यालय | ३००० | |
| विमा संस्था/लघु वित्त शाखा | २५०० | |
| विदेशी मुद्रा सटही मनी ट्रान्सफर | १००० | |
| बैङ्किङ्ग कारोबार गर्ने सहकारी बैंक | १००० | |

Scanned by CamScanner

अनुसूची-४

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| विवरण | दर | कैफियत |
|---|---|---|
| खोटो | ०.५ | प्रति के.जी. |
| जडिबूटी | १ | प्रति के.जी. |
| बनकस | २०० | प्रति टयाक्टर |
| कवाडी माल | १७५००० | वार्षिक |
| हाड | १ | प्रति के.जी. |
| सिङ | २ | प्रति के.जी. |
| प्वाख | २ | प्रति के.जी. |
| छाला | २० | प्रति गोटा |
| बास | ३०० | प्रति टयाक्टर |

Scanned by CamScanner

अनुसूची-५

**सवारी साधन करः**

| विवरण | दर | कैफियत |
|---|---|---|
| टाँगा, रिक्सा, अटो रिक्सा लगायतका सवारी साधन | ५०० | |

Scanned by CamScanner

अनुसूची-६

**विज्ञापनकर**

| विवरण | दर | कैफियत |
|---|---|---|
| होडिङ बोर्ड तथा अन्य ठूला विद्युतीय वोर्डहरु प्रति बर्ग फिट | २५ | |
| साईन बोर्ड | ५०० | |

Scanned by CamScanner

अनुसूची-७

**मनोरन्जन कर**

| विवरण | दर | कैफियत |
|---|---|---|
| मनोरञ्जन कर प्रति टिकट | ५ | प्रतिशत |
| स्थायी सिनेमा हल | २००० | |
| सर्कस र खेल चटक आदिलाई दैनिक | १०० | दैनिक |
| रमाईलो मेला सांस्कृतिक कार्यक्रम आदि प्रतिदिन (आयोजकसंग मूनाफा मूलक भएमा लिने) प्रति टिकट | ५ | प्रतिशत |

Scanned by CamScanner

अनुसूची-८

**बहाल बिटौरी शुल्क**

| विवरण | दर | कैफियत |
|---|---|---|
| अस्थायी हाटबजार तथा घुम्ति पसल | | |
| घुम्ती (मोवाइल) पसल खुम्चा, मम्फली, तरकारी, पाउरोटी, चिया, हजाम, पान, आदि व्यापार गर्नेसँग दैनिक<br>अथवा मासिक दिनेलाई | २०<br>३०० | |
| फेरीवाला भाडा, कपडा तथा किराना विसाता आदिमा दैनिक | ३० | |
| विभिन्न किसिमको रेडिमेट कपडा पसल खाट वा ठेला वाला समेत सार्वजनिक स्थलमा पसल राख्ने संग<br>(क) दैनिक दिनेलाई<br>(ख) मासिक एकमुष्ट अग्रीम् दिनेलाई | ३०<br>४०० | |
| पर्व मेलामा अस्थायी दुकान राख्नेहरूसग | २० | |
| घुम्ती गाडि वाला<br>(क) दैनिक दिनेलाई<br>(ख) मासिक एकमुष्ट अग्रीम् दिनेलाई | १००<br>१५०० | |

Scanned by CamScanner

अनुसूची-९

## पार्किङ्ग शुल्क

छत्रदेव गाउँपालिकाको क्षेत्र भित्र पार्किङ्ग स्थल तोकिए पश्चात सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत देहाय बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

| विवरण | दर | कैफियत |
|---|---|---|
| पार्किङ शुल्क बस, मिनी बस, ट्रक र टेक्टर (प्रति दिन) | २० | |
| साना सवारी साधनहरु (प्रति दिन) | १५ | |
| २ पाङगे सवारी साधन | ५ | |

Scanned by CamScanner

अनुसूची-१०

**सेवा शुल्क, दस्तुर**

| विवरण | दर | कैफियत |
|---|---|---|
| काठको शिफारिस (प्रतिब्रोट) | १०० | |
| भारत जाने सिफारिस | २०० | |
| नाता प्रमाणित सिफारिस | २०० | |
| पेन्सन सम्बन्धिको कूनै पनि सिफारिस | ३०० | |
| नागरिकता सिफारिस | १५० | |
| नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| नागरीकता, लालपुर्जा तथा अन्य कूनै पनि प्रमाण पत्र आदि नाम थर फरक सिफारीस | १५० | |
| अङ्गिकृत नागरिकता (वैवाहिक) | १००० | |
| घरजग्गा नामसारी | २०० | |
| जन्ममिति प्रमाणित | १५० | |
| विवाहित र अविवाहित प्रमाणित | २०० | |
| अंग्रेजी भाषाका सिफारिस तथा प्रमाणित | ५०० | |
| वसाइ सराई प्रमाणित | २०० | |
| मृत्यू प्रमाणित | १५० | |
| घर बाटो प्रमाणित | २०० | |
| संरक्षक प्रमाणित | २०० | |
| मञ्जूरीनामा प्रमाणित | २०० | |
| विपन्नता प्रमाणित | ० | नि:शूल्क |
| सम्पन्नता प्रमाणित | ५०० | |
| अपाङ्गता सिफारिस | ० | निशूल्क |
| अस्थायी/स्थायी बसोवास सिफारिस | २०० | |
| जिवित रहेको सिफारिस | २०० | |
| नाबालक परिचय पत्र सिफारिस | २०० | |
| चौपाया सम्बन्धी सिफारिस | २०० | |
| व्यवसाय दर्ता सिफारिस | ५०० | |
| बकस पत्र सिफारिस | ५०० | |
| अपूतालि सिफारिस | २००० | |
| उजूरी तथा मूद्दा दर्ता दस्तूर | २०० | |
| व्यवसाय नविकरण दस्तूर | १०० | |

Scanned by CamScanner

| विवरण | दर | कैफियत |
|---|---|---|
| नया कार्ड वापत (सामाजिक सूरक्षा समेतका) | ५० | |
| निवेदन फाराम प्रति एकको | १० | |
| सम्पती मूल्याङ्कन र आयश्रोतको प्रमाणितमा सयकडा | ०.१ | |
| चौकिल्ला सिफारिस दस्तूर (घरजग्गाको) | ३०० | |
| औद्यागिक प्रयोजनको लागि गरिने सिफारिस | ५०० | |
| मिलापत्र दस्तूर दूवै पक्षबाट २५० का दरले | ५०० | |
| वैदेशिक काम, काजको लागि प्रयोजन हूने भारत वाहेक अन्य देशमा सिफारिसमा | ६०० | |
| खानेपानी सिफारिस सामूहिक भएमा (प्रति निवेदन) | २४० | |
| जनजाति तथा दलित प्रमाणित | १५० | |
| अंगिकृत नागरीकताको फर्म प्रति एकमा रु. | ६० | |
| बन्द कोठा, घर, पसल आदि खोल्नू पर्दा मूचूल्का वापत | ५०० | |
| कूनै पनि संघ सस्था खोल्ने इजाजत सिफारिस | ५०० | |
| क्लव खोल्ने इजाजत/समुह दर्ता सिफारिस | २०० | |
| फाईनान्स बैंक तथा सटही काउन्टर आदि खोल्न सिफारिस | २५०० | |
| कोटेशन टेण्डर फाराम आर्थिक प्रशासन सम्वन्धि नियम बमोजिम हूनेछ | | |
| चारित्रिक प्रमाण पत्र तथा (चरीत्र सम्बन्धी) प्रहरी र अन्य संघ संस्थालाई सिफारिस वापत दस्तूर | ३०० | |
| छात्रवृत्तिको लागि सिफारिस दस्तूर | ० | नि:शूल्क |
| नोकरी अवधि र विदाको प्रमाणित सिफारिसमा | २०० | |
| सम्वन्ध विच्छेद सिफारिस (दूवै तर्फबाट ३०० का दरले) | ६०० | |
| **विद्यालय खोल्न स्वीकृतीको लागि सिफारीस दस्तूर:** | | |
| पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति (निजिका लागि मात्र) | १००० | |
| आधारभूत तह (निजिका लागि मात्र) | २००० | |
| मा.वि. (निजिका लागि मात्र) | ३००० | |
| वहाल करको लेखाजोखा सिफारिस | २०० | |
| व्यापार व्यवसाय नभएको, वन्द भएको वा सञ्चालन नभएको सिफारिस | २०० | |
| पुर्जामा घर कायम सिफारिस | २०० | |
| जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस | २०० | |
| कित्ताकाट सिफारिस | २०० | |
| हकवाला प्रमाणित | १५० | |
| जग्गाको हकभोग सिफरिस | १५० | |
| उद्योग ठाउँसारी | ५०० | |

Scanned by CamScanner

| विवरण | दर | कैफियत |
|---|---|---|
| विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| अन्य सिफारिस | २०० | |
| हल भाडा शुल्क वडा कार्यालयहरुको हल | १००० | दैनिक |
| मुचुल्का (कार्यालयमा गर्दा) | २०० | |
| मुचुल्का (स्थलगत) | ५०० | |
| **आर.सि.सि. भएका भवनको इजाजत शूल्क** | | |
| १००० वर्ग फिट भन्दा थोरै पक्की घर | २ | प्रति वर्ग फिट |
| १००० वर्ग फिट भन्दा थोरै पक्की घर | १ | |
| **आर.सी.सी. बाहेकका भवनको इजाजत शूल्क** | | |
| ईटा, ढुंगा, ल्बक सिमेन्टको गाह्रो टिन टाइल छाना प्रति वर्गफिट | १ | प्रति वर्ग फिट |
| ईटा ढुंगाको गाह्रो माटोको जोडाई टिन, प्रति वर्गफिट | ०.५० | |
| **सबै प्रकारका भवनमा** | | |
| **घर मर्मत इजाजत शूल्क** | ५०० | |
| बाउण्डरी पर्खाल नक्सा पास | ५०० | |
| निर्माण सम्पन्न प्रमाणपत्र दस्तूर | ५०० | |
| प्राविधिक प्रतिवेदन दस्तूर | १००० | |
| अभिलेख कायम दस्तूर पक्की घर | १००० | |
| अभिलेख कायम दस्तूर कच्ची घर | ५०० | |
| **व्यवसाय दर्ता दस्तूर** | | |
| प्रत्येक व्यवसाय दर्ता दस्तूर | २०० | |
| खानी दर्ता | १०००० | |
| डोजर स्काभेटर दर्ता दस्तूर | ५००० | |
| **जरिवाना दस्तूर** | | |
| गिट्टी, ढुङ्गा, वालुवा अवेध उत्खनन् गरेमा प्रति ट्याक्टर | १०००० | |
| गिट्टी, ढुङ्गा, वालुवा अवेध उत्खनन् गरेमा प्रति टिप्पर | २०००० | |
| स्काभेटर र जेसिभी प्रयोग गरी गिट्टी, ढुङ्गा, वालुवा अवेध उत्खनन् गरेमा | ५०००० | |
| अवैध रुख कटान गरेमा प्रति रुख | १००० | |
| तोकिएको कर तथा शूल्क तोकिएको समयमा नबूझाएमा | शूल्कको५०% | |
| -नक्सा पास नगरी निर्माण सम्पन्न संरचनाको अभिलेख प्रमाणित गर्दा ५०% दण्ड जरिवाना लाग्नेछ। यो कानन जारी भए पश्चात बन्ने संरचनाको हकमा लागू हुनेछ।<br>-एक व्यक्तिबाट अर्को व्यक्तिमा नकसा नामसारी गर्नु परेमा नक्सा पास दस्तुरको २०% लाग्नेछ। | | |
| जन्म दर्ता शुल्क (३५ दिन भित्र नि:शुल्क/विलम्ब शुल्क रु. ५०) | | |
| मृत्यु दर्ता शुल्क (३५ दिन भित्र नि:शुल्क/विलम्ब शुल्क रु. ५०) | | |
| विवाह दर्ता शुल्क (३५ दिन भित्र नि:शुल्क/विलम्ब शुल्क रु. ५०) | ४५० | सेवा शुल्क |
| बसाइ सराई (३५ दिन भित्र नि:शुल्क/विलम्ब शुल्क रु. ५०) | ४५० | |
| सम्वन्ध विच्छेद (३५ दिन भित्र नि:शुल्क/विलम्ब शुल्क रु. ५०) | ४५० | सेवा शुल्क |

Scanned by CamScanner

अनुसूची-११

**पर्यटन शुल्क**

छत्रदेव गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट गाउँ कार्यपालिकाको निर्णयानुसार प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ।

Scanned by CamScanner

अनुसूची-१२

**प्राकृतिक स्रोतको रोयल्टी**

| विवरण | दर (भ्याट बाहेक) | कैफियत |
|---|---|---|
| ढुङ्गा गिटी बालुवा | ४ | प्रति क्यू फिट |
| माटो | १ | प्रति क्यू फिट |

प्रदेश कानून बने पश्चात सोही बमोजिम हुनेछ।

**सम्वत् २०७५ साल आषाढ १६ गते गाउँसभाद्वारा पारित छत्रदेव गाउँपालिकाको आर्थिक ऐन, २०७५ प्रमाणित गर्दछु।**

**लेखनाथ पोख्रेल**
अध्यक्ष
छत्रदेव गाउँपालिका

Scanned by CamScanner